**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**
सिंहदरबार, काठमाण्डौ।

# आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा कोशी प्रदेश सरकारलाई गरिएको सिफारिस।

**सिफारिस मितिः २०८२/१२/३०**

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने र धारा ५७ ले तीनवटै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँटको व्यवस्था गरेको छ। धारा २३२ ले तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था सुनिश्चित गरेको छ। अन्तर-सरकारी वित्तीय सम्बन्धको महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ भने अन्तर-सरकारी वित्तीय हस्तान्तरणको महत्वपूर्ण माध्यमको रुपमा वित्तीय समानीकरण अनुदान रहेको छ।

स्थानीय सरकारबीचमा रहने भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक, सामाजिक तथा भौतिक विकासको असमानता जस्ता अवयवहरूले स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमता बीचमा असमानता रहन्छ। यस्तो परिस्थितिमा स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय सरकारलाई अनुदान दिनुपर्ने संवैधानिक एवम् कानूनी प्रवन्ध रहेको छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) ले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम यस आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (क) मा प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार यस आयोगको रहेको छ। उल्लिखित कानूनी व्यवस्थाको आधारमा यस आयोगले प्रदेश सरकारबाट सम्बन्धित प्रदेशका स्थानीय सरकारलाई आ.व. २०८३/८४ मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ।

## २. सिफारिस सम्बन्धी कानूनी व्यवस्था

**२.१ नेपालको संविधानको** धारा ६० को उपधारा (३) र (५)।

२.२ **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४** को दफा ३ को उपदफा (१) को खण्ड (क) एवम् दफा १६ को उपदफा (१) र (३)।

२.३ **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा ८ को उपदफा (२), दफा १८ को उपदफा (३)।

२.४ **कोशी प्रदेशको प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ४ को उपदफा (१) र (२)।

## ३. तथ्याङ्कको स्रोत र भार गणना विधि

आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गरी सिफारिस गर्दा प्रयोगमा ल्याइएका तथ्याङ्क र सोको स्रोत तालिका नं. १ मा उल्लेख गरिएको छ। सम्बन्धित सूचक र उपसूचकबीचको एकिकृत भार गणना विधि र प्रकृया आयोगबाट विभिन्न मितिमा वित्तीय समानीकरण अनुदानको सिफारिसमा प्रयोग भए बमोजिम गरिएको छ।

**तालिका नं. १**

**सिफारिसमा प्रयोग गरिएको तथ्याङ्कको स्रोत**

| क्र.सं. | सूचक | तथ्याङ्कको स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | क्षेत्रफल (भूगोल) | नेपाल राजपत्र |
| ३. | मानव विकास सूचकाङ्क | नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |
| ५. | पूर्वाधार विकास<br>५.१ सडकको घनत्व (सडकमा पहुँच)<br>५.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>५.३ सरसफाइ (शौचालयको उपलब्धता)<br>५.४ शहरीकरणको अवस्था<br>५.५ विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>५.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | ५.१ सडक विभाग,भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८)<br>५.२ राष्ट्रिय जनगणना २०७८<br>५.३ राष्ट्रिय जनगणना २०७८<br>५.४ राष्ट्रिय जनगणना २०७८<br>५.५ राष्ट्रिय जनगणना २०७८<br>५.६ राष्ट्रिय जनगणना २०७८ |
| ६. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |

## ४. अनुदान सिफारिस गर्ने लिइएका आधार (सूचक) र ढाँचा (भार प्रतिशत)

प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा न्यूनतम अनुदान, सुत्रमा आधारित अनुदान र कार्य सम्पादन मूल्याङ्कनमा आधारित अनुदानका रूपमा

वर्गीकरण गरिएको छ। सोको लागि देहाय बमोजिमका सूचक र भार प्रयोग गरिएको छ।

## ४.१ न्यूनतम अनुदान

### ४.१.१ जनसंख्याको आधार र सो बमोजिम हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

जनसङ्ख्याको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको रकम सम्बन्धी विवरण तालिका नं. २ मा समाबेश गरिएको छ।

**तालिका नं. २**

**जनसङ्ख्याको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण**

| क्र.सं. | जनसङ्ख्या | अनुदान रकम (रु.हजारमा) |
|---|---|---|
| १ | १०, ००० भन्दा कम | ८०० |
| २ | १०, ००० देखि २०, ००० भन्दा कम | ८८० |
| ३ | २०, ००० देखि ३०, ००० भन्दा कम | ९६० |
| ४ | ३०, ००० देखि ४०, ००० भन्दा कम | १०४० |
| ५ | ४०, ००० देखि ५०, ००० भन्दा कम | ११२० |
| ६ | ५०, ००० देखि ६०, ००० भन्दा कम | १२०० |
| ७ | ६०, ००० देखि ७०, ००० भन्दा कम | १२८० |
| ८ | ७०, ००० देखि ८०, ००० भन्दा कम | १३६० |
| ९ | ८०, ००० देखि ९०, ००० भन्दा कम | १४४० |
| १० | ९०, ००० देखि १, ००, ००० भन्दा कम | १५२० |
| ११ | १, ००, ००० देखि १, १०, ००० भन्दा कम | १६०० |
| १२ | १, १०, ००० देखि १, २०, ००० भन्दा कम | १६८० |
| १३ | १, २०, ००० देखि १, ३०, ००० भन्दा कम | १७६० |
| १४ | १, ३०, ००० देखि १, ४०, ००० भन्दा कम | १८४० |
| १५ | १, ४०, ००० देखि १, ५०, ००० भन्दा कम | १९२० |
| १६ | १, ५०, ००० देखि १, ६०, ००० भन्दा कम | २००० |
| १७ | १, ६०, ००० देखि १, ७०, ००० भन्दा कम | २०८० |
| १८ | १, ७०, ००० देखि १, ८०, ००० भन्दा कम | २१६० |
| १९ | १, ८०, ००० देखि १, ९०, ००० भन्दा कम | २२४० |
| २० | १, ९०, ००० देखि २, ००, ००० भन्दा कम | २३२० |
| २१ | २, ००, ००० वा सो भन्दा बढी | २४०० |

### ४.१.२ क्षेत्रफलको आधार र सो बमोजिम हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्षेत्रफलको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदान रकम सम्बन्धी विवरण तालिका नं. ३ मा समाबेश गरिएको छ।

**तालिका नं. ३**

**क्षेत्रफलको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण**

| क्र.सं. | क्षेत्रफल | अनुदान रकम (रु.हजारमा) |
|---|---|---|
| १ | १०० वर्ग कि.मि. सम्म | ४५० |
| २ | १०० वर्ग कि.मि. भन्दा बढी २०० वर्ग कि.मि.सम्म | ६७५ |
| ३ | २०० वर्ग कि.मि. भन्दा बढी ३०० वर्ग कि.मि.सम्म | ९०० |
| ४ | ३०० वर्ग कि.मि. भन्दा बढी ४०० वर्ग कि.मि.सम्म | ११२५ |
| ५ | ४०० वर्ग कि.मि. भन्दा बढी | १३५० |

## ४.२ सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) र उपदफा (३) मा रहेको प्रावधान बमोजिम प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने सुत्रमा आधारित वित्तीय समानीकरण अनुदान रकम निर्धारण गरिएको छ। यस प्रयोजनको लागि कायम गरिएको विस्तृत आधार र ढाँचा तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४**

**सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको निर्धारणका लागि कायम गरिएको आधार र ढाँचा**

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार प्रतिशत | सूचकको भार प्रतिशत |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० |
| २. | आर्थिक सामाजिक असमानता | | ५ |
| ३. | पूर्वाधार विकासको अवस्था | | १५ |
| | ३.१ सडकको घनत्व (सडकमा पहुँच) | ३५ | |
| | ३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) | १५ | |
| | ३.३ सरसफाइ (शौचालयको उपलब्धता) | १५ | |
| | ३.४ शहरीकरणको अवस्था | १५ | |
| | ३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) | १० | |
| | ३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | १० | |
| ४. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० |
| | **जम्मा** | | **१००** |

### ४.२.१ आधार तथा ढाँचाको विश्लेषण

#### अ. मानव विकास सूचकाङ्क

सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरेको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्क समेतलाई आधार बनाएर सबै स्थानीय तहको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी प्रयोगमा ल्याइएको छ। कुल भार मध्ये मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

#### आ. आर्थिक सामाजिक असमानता

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आयोगले गरेको अध्ययन बमोजिम आर्थिक सामाजिक असमानता सूचकाङ्क निर्धारण गरिएको छ। आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिइएको छ।

#### इ. पूर्वाधार विकास

स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय तहको विकासको अवस्थाको चित्रण गर्दछ। संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न तथा विकासात्मक कार्यका लागि पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय सरकारले अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ। यसले सेवाको लागत वृद्धि गराउने हुँदा खर्चको आवश्यकता बढाउँछ। आयोगले स्थानीय सरकारमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धता एवम् शहरीकरणको अवस्थालाई पूर्वाधार विकासका उपसूचकको रूपमा कायम गरेको छ। पूर्वाधार विकासको अवस्था सूचकका लागि १५ प्रतिशत भार प्रदान गरिएको छ।

- **सडकको घनत्व (सडकमा पहुँच):** सडक सञ्जालको पहुँचले स्थानीय तहको विकासलाई प्रभावित गर्नुका साथै सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। सडक पूर्वाधार विकासको मुख्य अवयव हो। अतः पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको ३५ प्रतिशत भार स्थानीय तहको सडकको घनत्वलाई दिइएको छ।
- **खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** संविधानको धारा ३५ को उपधारा (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीमा पहुँचको हक हुने व्यवस्था छ। स्थानीय तहमा खानेपानी सुविधाको

पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।

- **सरसफाई (शौचालयको उपलब्धता)**: नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको स्थानीय सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय तहमा रहेको शौचालयहरूको उपलब्धतालाई सरसफाई उपसूचक कायम गरी पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार यस उपसूचकलाई प्रदान गरिएको छ।

- **शहरीकरणको अवस्था**: स्थानीय तहमा शहरीकरणको अवस्थाले सम्बन्धित स्थानीय तहको विकासको अवस्थालाई प्रतिविम्वित गर्दछ। ग्रामीण तथा शहरोन्मुख क्षेत्रमा पूर्वाधार विकासको आवश्यकता बढी हुन्छ भने शहरी क्षेत्रमा समेत थप पूर्वाधार विकास तथा निर्मित पूर्वाधारको मर्मत सम्भारको लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय तहको ग्रामीण, शहरोन्मुख एवम् शहरी क्षेत्रका जनसङ्ख्यालाई शहरीकरणको अवस्था सूचक कायम गरी पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार शहरीकरणको अवस्था उपसूचकलाई प्रदान गरिएको छ। यसमा राष्ट्रिय जनगणना, २०७८ मा आधारित भई राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको **नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत बर्गीकरण** नामक प्रतिवेदनलाई आधारको रूपमा लिइएको छ।

- **विद्युतको सुविधा (विद्युतमा पहुँच)**: विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ त्यहाँको स्थानीय सरकारले विद्युत सुविधा विस्तारका लागि थप आर्थिक व्ययभार व्यहोर्नु पर्ने हुन्छ। यसै परिप्रेक्ष्यमा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रूपमा लिई पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ।

- **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)**: जहाँ सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ त्यहाँको स्थानीय सरकारले सूचना प्रविधिको पहुँचको स्तर माथि उकास्न उक्त क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १० प्रतिशत भार सूचना प्रविधिमा पहुँचलाई दिइएको छ।

### ई. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पहिचान गर्नुपर्ने हुन्छ। यसका लागि संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय सरकारका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप स्पष्टता हुनुपर्ने, कार्यजिम्मेवारी अनुरूपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग-अलग कार्यको स्पष्ट किटानी हुनुका साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय मानदण्ड र सङ्घीय, प्रादेशिक तथा स्थानीय लक्ष्य तय गर्नुपर्ने हुन्छ। तोकिएको मानदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाइ लागत पहिचान गरी सोका आधारमा कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ।

हाल स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मानदण्ड तथा तहगत लक्ष्य निर्धारण भई नसकेकोले खर्चको आवश्यकताको यथार्थ आँकलन गर्न सकिएको छैन। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आँकलन गर्दा प्रत्येक स्थानीय सरकारको राजस्व अधिकार, राजस्वको दायरा, सम्भाव्यता र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भई नसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता यकिन गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आँकलन सम्बन्धी अध्ययनको नतिजालाई आधारको रुपमा लिएको छ। स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तर (Fiscal Gap) को सूचकाङ्कलाई ७० प्रतिशत भार दिइएको छ।

## ४.३ कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिसमा कार्यसम्पादनको स्तरलाई पनि आधार लिइएको छ। **प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८** बमोजिम आयोगले आर्थिक वर्ष २०८२/८३ मा प्रदेश तथा स्थानीय सरकारको अन्तिम कार्यसम्पादन मूल्याङ्कन गरी प्रकाशित गरेको छ। यसै मूल्याङ्कनबाट कायम भएको अङ्कको आधारमा प्रदेश सरकारबाट सम्बन्धित प्रदेशका स्थानीय सरकारमा हस्तान्तरण हुने कुल वित्तीय समानीकरण अनुदानको ४ प्रतिशतले हुन आउने रकमलाई कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ। कार्यसम्पादन मूल्याङ्कनको लागि स्थानीय सरकारको हकमा लागु हुने सूचक र भारलाई तालिका नं. ५ मा उल्लेख गरिएको छ।

## तालिका नं. ५
## कार्यसम्पादन मूल्याङ्कनमा प्रयोग गरिएको सूचक र भार

| क्र.सं. | सूचक | अङ्कभार |
|---|---|---|
| १. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरे/नगरेको। | ५ |
| २. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको। | ५ |
| ३. | स्थानीय सरकारहरूले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको। | ५ |
| ४. | स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको। | ५ |
| ५. | स्थानीय सरकारहरूले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। | ५ |
| ६. | स्थानीय सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था।<br>अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्थाः<br>अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्थाः | १३ |
| ७. | स्थानीय सरकारहरूको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था।<br>कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः<br>कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः | १५ |
| ८. | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्था। | १५ |
| ९. | महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय सरकारहरूले पूर्ण रूपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको। | ५ |
| १०. | स्थानीय सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको। | ३ |
| ११. | कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर। | ३ |
| १२. | कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर। | ३ |
| १३. | सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत | ३ |
| १४. | चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात। | ३ |
| १५. | कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात। | ३ |
| १६. | पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कोलेरा) सेवा लिएका जन्मेदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात। | ३ |

| क्र.सं. | सूचक | अङ्कभार |
|---|---|---|
| १७. | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको। | ६ |
| | **जम्मा** | १०० |

## ५. वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस

आर्थिक वर्ष २०८३/८४ मा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) बमोजिम कार्यसम्पादनमा आधारित अनुदान, दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम सूत्रमा आधारित अनुदान र सोही दफाको उपदफा (३) बमोजिम न्यूनतम अनुदान छुट्टाछुट्टै गणना गरी कुल अनुदान सिफारिस गरिएको छ।

आर्थिक वर्ष २०८३/८४ मा कोशी प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने न्यूनतम अनुदान रू. २३ करोड ८८ लाख २५ हजार, सूत्रमा आधारित अनुदान रू. १ अर्व २० करोड ११ लाख ७५ हजार र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदान रू. ६ करोड गरी कुल वित्तीय समानीकरण अनुदान रु. १ अर्व ५० करोड हुने गरी सिफारिस गरिएको छ। कोशी प्रदेशका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धी स्थानीय तहगत विवरण तालिका नं. ६ मा समाबेश गरिएको छ।

**तालिका नं. ६**

**आर्थिक वर्ष २०८३/८४ मा कोशी प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण**

(रु.हजारमा)

| क्र. सं. | संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | न्यूनतम | सूत्रमा आधारित | कार्यसम्पादन मूल्यांकनमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | 10101 | ताप्लेजुङ | फक्ताङ्लुङ्ग गाउँपालिका | 2230 | 6874 | 425 | 9529 |
| २ | 10102 | ताप्लेजुङ | मिक्वाखोला गाउँपालिका | 2150 | 5675 | 439 | 8264 |
| ३ | 10103 | ताप्लेजुङ | मेरिङ्गदेन गाउँपालिका | 1780 | 7442 | 450 | 9672 |
| ४ | 10104 | ताप्लेजुङ | मैवाखोला गाउँपालिका | 1555 | 6457 | 477 | 8489 |
| ५ | 10105 | ताप्लेजुङ | आठराई त्रिवेणी गाउँपालिका | 1330 | 7795 | 369 | 9494 |
| ६ | 10106 | ताप्लेजुङ | फुङलिङ्ग नगरपालिका | 1635 | 12520 | 379 | 14534 |

| क्र. सं. | संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | न्यूनतम | सूत्रमा आधारित | कार्यसम्पादन मूल्यांकनमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ७ | 10107 | ताप्लेजुङ | पाथिभरा याङ्वराक गाउँपालिका | 1330 | 7794 | 492 | 9616 |
| ८ | 10108 | ताप्लेजुङ | सिरीजङ्गा गाउंपालिका | 2230 | 8756 | 510 | 11496 |
| ९ | 10109 | ताप्लेजुङ | सिदिङ्गवा गाउँपालिका | 1780 | 7080 | 434 | 9294 |
| १० | 10201 | संखुवासभा | भोटखोला गाउँपालिका | 2150 | 4094 | 349 | 6593 |
| ११ | 10202 | संखुवासभा | मकालु गाउँपालिका | 2230 | 7108 | 402 | 9740 |
| १२ | 10203 | संखुवासभा | सिलीचोङ गाउँपालिका | 1780 | 6810 | 418 | 9008 |
| १३ | 10204 | संखुवासभा | चिचिला गाउँपालिका | 1250 | 4786 | 345 | 6381 |
| १४ | 10205 | संखुवासभा | सभापोखरी गाउँपालिका | 1700 | 6219 | 412 | 8331 |
| १५ | 10206 | संखुवासभा | खाँदबारी नगरपालिका | 1715 | 13911 | 398 | 16024 |
| १६ | 10207 | संखुवासभा | पाँचखपन नगरपालिका | 1555 | 8729 | 408 | 10692 |
| १७ | 10208 | संखुवासभा | चैनपुर नगरपालिका | 1860 | 12143 | 372 | 14375 |
| १८ | 10209 | संखुवासभा | मादी नगरपालिका | 1555 | 7813 | 409 | 9777 |
| १९ | 10210 | संखुवासभा | धर्मदेवी नगरपालिका | 1555 | 9139 | 386 | 11080 |
| २० | 10301 | सोलुखुम्बु | खुम्बु पासाङल्हामु  गाउँपालिका | 2150 | 5992 | 467 | 8609 |
| २१ | 10302 | सोलुखुम्बु | माहाकुलुङ गाउँपालिका | 2230 | 6580 | 433 | 9243 |
| २२ | 10303 | सोलुखुम्बु | सोताङ गाउँपालिका | 1475 | 5768 | 385 | 7628 |
| २३ | 10304 | सोलुखुम्बु | माप्य दुधकोशी  गाउँपालिका | 1555 | 7473 | 474 | 9502 |
| २४ | 10305 | सोलुखुम्बु | थुलुङ दुधकोशी  गाउँपालिका | 1555 | 9952 | 478 | 11985 |
| २५ | 10306 | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | 1330 | 8965 | 447 | 10742 |
| २६ | 10307 | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | 2310 | 10151 | 588 | 13049 |
| २७ | 10308 | सोलुखुम्बु | लिखु  पिके गाउँपालिका | 1475 | 4024 | 408 | 5907 |
| २८ | 10401 | ओखलढुङ्गा | चिशंखुगढी गाउँपालिका | 1555 | 4906 | 417 | 6878 |
| २९ | 10402 | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका | 1635 | 7561 | 502 | 9698 |
| ३० | 10403 | ओखलढुङ्गा | मोलुङ्ग गाउँपालिका | 1555 | 5121 | 457 | 7133 |
| ३१ | 10404 | ओखलढुङ्गा | खिजीदेम्बा गाउँपालिका | 1555 | 4804 | 456 | 6815 |

| क्र. सं. | संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | न्यूनतम | सूत्रमा आधारित | कार्यसम्पादन मूल्यांकनमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ३२ | 10405 | ओखलढुङ्गा | लिखु गाउँपालिका | 1330 | 4534 | 455 | 6319 |
| ३३ | 10406 | ओखलढुङ्गा | चम्पादेवी गाउँपालिका | 1555 | 5283 | 358 | 7196 |
| ३४ | 10407 | ओखलढुङ्गा | सुनकोशी गाउँपालिका | 1555 | 5406 | 480 | 7441 |
| ३५ | 10408 | ओखलढुङ्गा | मानेभन्ज्याङ्ग गाउँपालिका | 1555 | 6031 | 356 | 7942 |
| ३६ | 10501 | खोटाङ | केपिलासगढी गाउँपालिका | 1555 | 4931 | 440 | 6926 |
| ३७ | 10502 | खोटाङ | ऐसेलुखर्क गाउँपालिका | 1555 | 5137 | 408 | 7100 |
| ३८ | 10503 | खोटाङ | रावा बेसी गाउँपालिका | 1330 | 4575 | 398 | 6303 |
| ३९ | 10504 | खोटाङ | हलेसी तुवाचुङ नगरपालिका | 1860 | 7588 | 544 | 9992 |
| ४० | 10505 | खोटाङ | दिक्तेलरुपाकोट मझुवागढी नगरपालिका | 2020 | 11130 | 539 | 13689 |
| ४१ | 10506 | खोटाङ | साकेला गाउँपालिका | 1250 | 4192 | 427 | 5869 |
| ४२ | 10507 | खोटाङ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | 1555 | 6226 | 473 | 8254 |
| ४३ | 10508 | खोटाङ | खोटेहाङ गाउँपालिका | 1555 | 6577 | 497 | 8629 |
| ४४ | 10509 | खोटाङ | जन्तेढुङ्गा गाउँपालिका | 1555 | 4981 | 486 | 7022 |
| ४५ | 10510 | खोटाङ | बराहपोखरी गाउँपालिका | 1555 | 4764 | 493 | 6812 |
| ४६ | 10601 | भोजपुर | षडानन्द नगरपालिका | 1860 | 7979 | 459 | 10298 |
| ४७ | 10602 | भोजपुर | साल्पासिलिछो गाउँपालिका | 1555 | 4402 | 316 | 6273 |
| ४८ | 10603 | भोजपुर | टेम्केमैयुङ गाउँपालिका | 1555 | 5695 | 459 | 7709 |
| ४९ | 10604 | भोजपुर | भोजपुर नगरपालिका | 1635 | 7598 | 547 | 9780 |
| ५० | 10605 | भोजपुर | अरुण गाउँपालिका | 1555 | 5548 | 368 | 7471 |
| ५१ | 10606 | भोजपुर | पौवा दुङ्मा गाउँपालिका | 1555 | 4976 | 531 | 7062 |
| ५२ | 10607 | भोजपुर | रामप्रसाद राई गाउँपालिका | 1555 | 5666 | 567 | 7788 |
| ५३ | 10608 | भोजपुर | हतुवागढी गाउँपालिका | 1555 | 5958 | 549 | 8062 |
| ५४ | 10609 | भोजपुर | आमचोक गाउँपालिका | 1555 | 5617 | 499 | 7671 |
| ५५ | 10701 | धनकुटा | महालक्ष्मी नगरपालिका | 1635 | 6691 | 473 | 8799 |
| ५६ | 10702 | धनकुटा | पाख्रिबास नगरपालिका | 1555 | 6311 | 326 | 8192 |

| क्र. सं. | संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | न्यूनतम | सूत्रमा आधारित | कार्यसम्पादन मूल्यांकनमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ५७ | 10703 | धनकुटा | छथर जोरपाटी गाउँपालिका | 1555 | 5782 | 297 | 7634 |
| ५८ | 10704 | धनकुटा | धनकुटा नगरपालिका | 1715 | 9917 | 480 | 12112 |
| ५९ | 10705 | धनकुटा | सहिदभुमी गाउँपालिका | 1330 | 5722 | 471 | 7523 |
| ६० | 10706 | धनकुटा | साँगुरीगढी गाउँपालिका | 1555 | 6287 | 498 | 8340 |
| ६१ | 10707 | धनकुटा | चौविसे गाउँपालिका | 1555 | 5985 | 479 | 8019 |
| ६२ | 10801 | तेह्रथुम | आठराई गाउँपालिका | 1555 | 6734 | 350 | 8639 |
| ६३ | 10802 | तेह्रथुम | फेदाप गाउँपालिका | 1555 | 5789 | 458 | 7802 |
| ६४ | 10803 | तेह्रथुम | मेन्छयायेम गाउँपालिका | 1250 | 3370 | 447 | 5067 |
| ६५ | 10804 | तेह्रथुम | म्याङ्गलुङ्ग नगरपालिका | 1555 | 6357 | 326 | 8238 |
| ६६ | 10805 | तेह्रथुम | लालीगुराँस नगरपालिका | 1330 | 5412 | 511 | 7253 |
| ६७ | 10806 | तेह्रथुम | छथर गाउँपालिका | 1555 | 5515 | 379 | 7449 |
| ६८ | 10901 | पाँचथर | याङवरक गाउँपालिका | 1780 | 5860 | 501 | 8141 |
| ६९ | 10902 | पाँचथर | हिलिहाङ्ग गाउँपालिका | 1555 | 6794 | 558 | 8907 |
| ७० | 10903 | पाँचथर | फालेलुङ्ग गाउँपालिका | 1860 | 6490 | 530 | 8880 |
| ७१ | 10904 | पाँचथर | फिदिम नगरपालिका | 1795 | 11468 | 574 | 13837 |
| ७२ | 10905 | पाँचथर | फाल्गुनन्द गाउँपालिका | 1635 | 7010 | 499 | 9144 |
| ७३ | 10906 | पाँचथर | कुम्मायक गाउँपालिका | 1555 | 5211 | 362 | 7128 |
| ७४ | 10907 | पाँचथर | तुम्बेवा गाउँपालिका | 1555 | 4597 | 443 | 6595 |
| ७५ | 10908 | पाँचथर | मिक्लाजुङ गाउँपालिका | 1635 | 7129 | 367 | 9131 |
| ७६ | 11001 | इलाम | माई  जोगमाई गाउँपालिका | 1555 | 6441 | 385 | 8381 |
| ७७ | 11002 | इलाम | सन्दकपुर गाउँपालिका | 1555 | 5281 | 529 | 7365 |
| ७८ | 11003 | इलाम | ईलाम नगरपालिका | 1875 | 11662 | 540 | 14077 |
| ७९ | 11004 | इलाम | देउमाई नगरपालिका | 1715 | 8650 | 490 | 10855 |
| ८० | 11005 | इलाम | फाकफोकथुम गाउँपालिका | 1555 | 6673 | 366 | 8594 |
| ८१ | 11006 | इलाम | माङसेबुङ गाउापालिका | 1555 | 5924 | 347 | 7826 |
| ८२ | 11007 | इलाम | चुलाचुली गाउँपालिका | 1635 | 6557 | 415 | 8607 |

| क्र. सं. | संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | न्यूनतम | सूत्रमा आधारित | कार्यसम्पादन मूल्यांकनमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ८३ | 11008 | इलाम | माई नगरपालिका | 1940 | 8455 | 418 | 10813 |
| ८४ | 11009 | इलाम | सूर्योदय नगरपालिका | 2100 | 12756 | 546 | 15402 |
| ८५ | 11010 | इलाम | रोङ गाउँपालिका | 1555 | 6061 | 415 | 8031 |
| ८६ | 11101 | झापा | मेचीनगर नगरपालिका | 2515 | 20930 | 341 | 23786 |
| ८७ | 11102 | झापा | बुद्धशान्ति गाउँपालिका | 1650 | 10721 | 364 | 12735 |
| ८८ | 11103 | झापा | अर्जुनधारा नगरपालिका | 2115 | 13420 | 488 | 16023 |
| ८९ | 11104 | झापा | कन्काई नगरपालिका | 1650 | 10128 | 404 | 12182 |
| ९० | 11105 | झापा | शिवसताक्षी नगरपालिका | 2035 | 13950 | 489 | 16474 |
| ९१ | 11106 | झापा | कमल गाउँपालिका | 1875 | 11242 | 502 | 13619 |
| ९२ | 11107 | झापा | दमक नगरपालिका | 2050 | 15785 | 485 | 18320 |
| ९३ | 11108 | झापा | गौरादह नगरपालिका | 1955 | 12214 | 425 | 14594 |
| ९४ | 11109 | झापा | गौरिगञ्ज गाउँपालिका | 1715 | 8652 | 423 | 10790 |
| ९५ | 11110 | झापा | झापा गाउँपालिका | 1490 | 8840 | 454 | 10784 |
| ९६ | 11111 | झापा | बाह्रदशी गाउँपालिका | 1490 | 8863 | 489 | 10842 |
| ९७ | 11112 | झापा | बिर्तामोड नगरपालिका | 2130 | 17197 | 398 | 19725 |
| ९८ | 11113 | झापा | हल्दीबारी गाउँपालिका | 1715 | 8144 | 362 | 10221 |
| ९९ | 11114 | झापा | भद्रमपुर नगरपालिका | 1810 | 14510 | 426 | 16746 |
| १०० | 11115 | झापा | कचनकवल गाउँपालिका | 1795 | 9733 | 378 | 11906 |
| १०१ | 11201 | मोरङ | मिक्लाजुङ्ग गाउँपालिका | 1715 | 8201 | 417 | 10333 |
| १०२ | 11202 | मोरङ | लेटाङ नगरपालिका | 1940 | 8638 | 487 | 11065 |
| १०३ | 11203 | मोरङ | केराबारी गाउँपालिका | 1940 | 8404 | 456 | 10800 |
| १०४ | 11204 | मोरङ | सुन्दरहरैंचा नगरपालिका | 2435 | 16440 | 467 | 19342 |
| १०५ | 11205 | मोरङ | बेलबारी नगरपालिका | 2115 | 14020 | 471 | 16606 |
| १०६ | 11206 | मोरङ | कानेपोखरी गाउँपालिका | 1570 | 9874 | 331 | 11775 |
| १०७ | 11207 | मोरङ | पथरी शनिश्चरे नगरपालिका | 1810 | 13528 | 560 | 15898 |
| १०८ | 11208 | मोरङ | उर्लाबारी नगरपालिका | 1810 | 12680 | 556 | 15046 |

| क्र. सं. | संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | न्यूनतम | सूत्रमा आधारित | कार्यसम्पादन मूल्यांकनमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १०९ | 11209 | मोरङ | रतुवामाई नगरपालिका | 1955 | 12245 | 386 | 14586 |
| ११० | 11210 | मोरङ | सुनवर्षी नगरपालिका | 1875 | 11159 | 345 | 13379 |
| १११ | 11211 | मोरङ | रंगेली नगरपालिका | 1875 | 11559 | 403 | 13837 |
| ११२ | 11212 | मोरङ | ग्रामथान गाउँपालिका | 1490 | 8766 | 362 | 10618 |
| ११३ | 11213 | मोरङ | बुढीगंगा गाउँपालिका | 1650 | 10578 | 521 | 12749 |
| ११४ | 11214 | मोरङ | बिराटनगर महानगरपालिका | 2850 | 32815 | 585 | 36250 |
| ११५ | 11215 | मोरङ | कटहरी गाउँपालिका | 1570 | 9748 | 380 | 11698 |
| ११६ | 11216 | मोरङ | धनपालथान गाउँपालिका | 1570 | 9502 | 366 | 11438 |
| ११७ | 11217 | मोरङ | जहदा गाउँपालिका | 1570 | 9684 | 486 | 11740 |
| ११८ | 11301 | सुनसरी | धरान उपमहानगरपालिका | 2755 | 24768 | 373 | 27896 |
| ११९ | 11302 | सुनसरी | बराहक्षेत्र नगरपालिका | 2420 | 15299 | 451 | 18170 |
| १२० | 11303 | सुनसरी | कोशी गाउँपालिका | 1570 | 10059 | 351 | 11980 |
| १२१ | 11304 | सुनसरी | भोक्राहा नरसिंह गाउँपालिका | 1570 | 9093 | 365 | 11028 |
| १२२ | 11305 | सुनसरी | रामधुनी नगरपालिका | 1730 | 11649 | 321 | 13700 |
| १२३ | 11306 | सुनसरी | ईटहरी उपमहानगरपालिका | 2770 | 24488 | 292 | 27550 |
| १२४ | 11307 | सुनसरी | दुहबी नगरपालिका | 1730 | 12429 | 360 | 14519 |
| १२५ | 11308 | सुनसरी | गढी गाउँपालिका | 1490 | 8755 | 400 | 10645 |
| १२६ | 11309 | सुनसरी | इनरुवा नगरपालिका | 1810 | 13744 | 473 | 16027 |
| १२७ | 11310 | सुनसरी | हरिनगर गाउँपालिका | 1570 | 9585 | 473 | 11628 |
| १२८ | 11311 | सुनसरी | देवानगन्ज गाउँपालिका | 1490 | 8719 | 339 | 10548 |
| १२९ | 11312 | सुनसरी | बर्जु गाउँपालिका | 1490 | 7976 | 348 | 9814 |
| १३० | 11401 | उदयपुर | बेलका नगरपालिका | 2325 | 9645 | 397 | 12367 |
| १३१ | 11402 | उदयपुर | चौदण्डीगढी नगरपालिका | 2100 | 10852 | 466 | 13418 |
| १३२ | 11403 | उदयपुर | त्रियुगा नगरपालिका | 2950 | 17018 | 377 | 20345 |
| १३३ | 11404 | उदयपुर | रौतामाई गाउँपालिका | 1860 | 6549 | 480 | 8889 |
| १३४ | 11405 | उदयपुर | लिम्चुङ्बुङ गाउँपालिका | 1475 | 4019 | 394 | 5888 |

| क्र. सं. | संकेत नं. | जिल्ला | स्थानीय तहको नाम | न्यूनतम | सूत्रमा आधारित | कार्यसम्पादन मूल्यांकनमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १३५ | 11406 | उदयपुर | ताप्ली गाउँपालिका | 1555 | 4634 | 475 | 6664 |
| १३६ | 11407 | उदयपुर | कटारी नगरपालिका | 2550 | 7336 | 508 | 10394 |
| १३७ | 11408 | उदयपुर | उदयपुरगढी गाउँपालिका | 1860 | 12261 | 535 | 14656 |
| **जम्मा** | | | | **238825** | **1201175** | **60000** | **1500000** |